राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २६४ २०८३ वैशाख १५ गते मंगलवार (28 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## पत्रकारिता कार्यविधि मस्यौदामाथि व्यापक छलफल



दैनिक समाचारदाता
जनकपुरधाम, १४ वैशाख । मधेश प्रदेशको आमसञ्चार प्राधिकरणले ल्याएको 'प्रदेश पत्रकारिता पुरस्कार, अध्ययन तथा लेखन छात्रवृत्ति तथा प्रोत्साहन कार्यविधि'को मस्यौदामाथि जनकपुरधाममा व्यापक छलफल भएको छ ।

सोमबार प्राधिकरणद्वारा आयोजित छलफल कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेश समिति तथा विभिन्न जिल्लाका अध्यक्षसहितका पत्रकारहरूले मस्यौदामाथि आफ्ना सुझाव प्रस्तुत गरेका छन् ।

प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्गको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा करिब दुई दर्जन पत्रकारहरूको उपस्थिति रहेको थियो । सहभागीहरूले कार्यविधिको उद्देश्य, संरचना तथा कार्यान्वयन पक्षबारे आफ्ना धारणा राख्दै विभिन्न बुँदामा संशोधन आवश्यक रहेको औंल्याएका छन् । उनीहरूले समग्र कार्यविधिलाई अझ व्यावहारिक, प्रभावकारी र पत्रकारमैत्री बनाउनुपर्नेमा जोड दिएका छन् ।

मधेश प्रदेशलाई कार्यक्षेत्र बनाई आमसञ्चार माध्यममा कार्यरत पत्रकारहरूलाई प्रोत्साहित गर्ने, उनीहरूको बौद्धिक तथा प्राविधिक क्षमता अभिवृद्धि गर्ने तथा निष्पक्ष, मर्यादित, व्यावसायिक र जवाफदेही पत्रकारिताको विकास गर्ने उद्देश्यले उक्त कार्यविधि ल्याइएको प्राधिकरणले जनाएको छ । प्रदेश सञ्चार नियमावली, २०७७ को दफा (ज१) मा उल्लेखित उद्देश्य पूरा गर्न तथा प्रदेश सञ्चारसम्बन्धी ऐन, २०७७ को दफा ७१ र नियमावलीको नियम ३८ बमोजिम कार्यविधि निर्माण गरिएको अध्यक्ष खड्गले जानकारी दिएका छन् ।

छलफलमा सहभागी पत्रकारहरूले पत्रकारिता पुरस्कार, अध्ययन तथा लेखन छात्रवृत्ति र प्रोत्साहनजस्ता तीन फरक विषयलाई एउटै कार्यविधिमा समेट्दा कार्यान्वयनमा जटिलता उत्पन्न हुन सक्ने तर्क प्रस्तुत गरेका छन् । उनीहरूले यी विषयलाई छुट्टाछुट्टै कार्यविधिका रूपमा ल्याउनुपर्ने सुझाव दिएका छन् । साथै, मस्यौदामा केही महत्वपूर्ण पक्ष छुटेको उल्लेख गर्दै ती विषयहरू समेट्न आग्रह गरेका छन् ।

सहभागीहरूले कार्यविधि निर्माण गर्दा निष्पक्षता, पारदर्शिता र पेशागत स्वतन्त्रता सुनिश्चित गरिनुपर्नेमा जोड दिएका छन् । उनीहरूको भनाइमा यस्तो कार्यविधि सञ्चारकर्मीहरूको हितमा केन्द्रित हुनुपर्ने हो, नकि सरकारको नियन्त्रण वा प्रभावमा रहने । विगतमा बनेका सञ्चारसम्बन्धी ऐन तथा नियमावलीमा देखिएका कमजोरी दोहोरिन नदिन विशेष ध्यान दिनुपर्ने उनीहरूले बताएका छन् ।

कार्यक्रममा उठेका सुझावहरूलाई समेट्ने प्रतिबद्धता व्यक्त गर्दै प्राधिकरण

*बाँकी पृष्ठ४ मा*

# पाँच वर्षपछि 'संजय' मुद्दा पुनः सुनुवाइमा

दैनिक समाचारदाता
काठमाडौँ १४ वैशाख । पूर्वमन्त्री सञ्जयकुमार साह 'टकला' विरुद्धको भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरण मुद्दा सर्वोच्च अदालतमा पुनः सुनुवाइको चरणमा पुगेको छ । न्यायाधीशद्वय बालकृष्ण ढकाल र श्रीकान्त पौडेलको संयुक्त इजलासमा उक्त मुद्दा पहिलो नम्बरमा पेसी तोकिएको हो ।



२०७७ असोज ५ गते सर्वोच्च अदालतमा दर्ता भएको यो मुद्दा पाँच वर्षको अवधिमा १६ पटक पेसी तोकिँदा पनि अन्तिम सुनुवाइमा पुग्न सकेको छैन । बीचमा केही प्रक्रियागत आदेश भए पनि पछिल्लो तीन वर्षदेखि सुनुवाइ ठप्पजस्तै बनेको थियो । २०८० भदौ ६ मा न्यायाधीशद्वय प्रकाशकुमार ढुङ्गाना र डा. नहकुल सुवेदीको इजलासले मिसिल झिकाउने आदेश दिएपछि पनि मुद्दा अघि बढ्न सकेको थिएन ।

यसअघि विशेष अदालत ले २०७६ फागुन १५ मा साहलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्दै चार वर्ष कैद सजाय सुनाएको थियो। साथै १९ करोड ४४ लाखभन्दा बढी रकम गैरकानुनी आर्जन ठहर गर्दै जफत र बराबर जरिवाना तिराउने आदेश दिएको थियो। त्यस्तै, सम्पत्ति शुद्धीकरणतर्फ १४ करोड २५ लाख रुपैयाँ बराबरको रकम अवैध ठहर गर्दै ५ वर्ष कैद सजाय निर्धारण गरिएको थियो ।

विशेष अदालतको फैसलाप्रति असहमति जनाउँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ले २०७७ असोजमा पुनरावेदन गरेको थियो भने साह स्वयंले पनि उक्त फैसलाविरुद्ध सर्वोच्चमा निवेदन दिएका थिए। दुवै पक्षका निवेदनलाई संयुक्त रूपमा राखेर सुनुवाइ प्रक्रिया अघि बढाइँदै आएको छ ।

साहविरुद्ध २०७३ पुसमा अख्तियारले करिब ३१ करोड ५० लाख रुपैयाँ बराबरको स्रोत नखुलेको सम्पत्तिको अभियोगमा मुद्दा दायर गरेको थियो। त्यसपछि २०७४ चैतमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग ले थप अनुसन्धान गर्दै ३२ करोडभन्दा बढी बिगो दाबी सहित छुट्टै मुद्दा चलाएको थियो ।

अनुसन्धानका क्रममा साहले सार्वजनिक पदमा रहँदा अस्वाभाविक रूपमा सम्पत्ति आर्जन गरी आफन्त र सहयोगीमार्फत लुकाएको आरोप लागेको थियो। परिवारका सदस्यसहित अन्य व्यक्तिलाई समेत प्रतिवादी बनाइएको यस प्रकरणले लामो समयदेखि न्यायिक ढिलाइ र प्रक्रिया जटिलताको प्रश्न उठाउँदै आएको छ ।

## स्वास्थ्यमा ध्यान दिऔं ।

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिँडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुम्रपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं.
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं ।

*स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# क्षणिक वर्षा, दीर्घकालीन प्रश्न

मधेशको तातो भुइँमा आइतबार बिहान परेको आधा घण्टे वर्षाले जनकपुरधामलगायत आसपासका क्षेत्रलाई क्षणिक राहत दियो । वैशाखको सुरुवातदेखि नै असह्य बनेको गर्मीबाट थाकेका जनजीवनले केहीबेरका लागि सास फेर्ने मौका पायो। धुलो थामियो, तापक्रम केही घट्यो, र मानिसका अनुहारमा अलिकति शीतलता देखियो। तर, साँझ पर्न नपाउँदै फेरि उही तातो हावा फर्कियो–जसले स्पष्ट सन्देश दिन्छः यो राहत स्थायी होइन, समस्या गहिरो छ।

यस वर्ष मधेशमा देखिएको तापक्रमको तीव्रता कुनै आकस्मिक घटना मात्र होइन। यो बदलिँदो मौसम प्रणालीको संकेत हो, जहाँ वर्षा अनियमित हुँदै गएको छ । कहिले अत्यधिक, कहिले पूर्ण अभाव। जनकपुरधाममा ढिलो गरी परेको वर्षा र अन्य जिल्लामा छिटफुट वर्षा तथा असिना हुनु, सर्लाहीका केही भागमा मुसलधारे पानी पर्दा दक्षिणी भेग सुक्खा रहनु । यी सबै परिघटनाले मौसमको असन्तुलनलाई देखाउँछन्।

यस्तो असन्तुलनको प्रत्यक्ष असर कृषि क्षेत्रमा देखिन थालेको छ । मधेश, जहाँको अर्थतन्त्र अझै ठूलो हदसम्म कृषिमा निर्भर छ, त्यहाँ पानीको अनियमितताले बाली उत्पादनमा गम्भीर चुनौती खडा गरिरहेको छ । आँपका बोटमा मंजर प्रशस्त भए पनि समयमै वर्षा नहुँदा उत्पादन घट्ने अनुमान हुनु यसको उदाहरण हो। अझ, सिरहा लगायतका क्षेत्रमा परेको असिनाले बालीमा क्षति पुर्‍याउनु, सर्लाहीमा मकै भित्र्याउने बेला परेको वर्षाले किसानलाई चिन्तित बनाउनु, यी सबैले कृषकको जोखिम झनै बढाइरहेको छ ।

प्रश्न उठ्छ, के हामी यस्ता घटनालाई केवल प्राकृतिक भनेर टार्न सक्छौं? पक्कै पनि, मौसम परिवर्तनको विश्वव्यापी प्रभावलाई नजरअन्दाज गर्न सकिँदैन । तर स्थानीय तहमा तयारीको अभाव, दीर्घकालीन योजना नहुनु, र जलस्रोत व्यवस्थापनमा कमजोरीले समस्यालाई झन् जटिल बनाइरहेको छ । मधेशजस्तो उर्वर भूमि वर्षामा निर्भर रहन बाध्य हुनु विडम्बनापूर्ण हो ।

अर्कोतर्फ, वर्षाले केही सकारात्मक पक्ष पनि उजागर गरेको छ। वन क्षेत्रमा फैलिएका डढेलोहरू स्वतः निभ्नु, चर्को गर्मीबाट मानिसले राहत पाउनु–यी साना राहतका संकेत हुन्। तर, यही वर्षा जब असिनासँगै आउँछ वा हावाहुरीले घरका छाना उडाउँछ, तब यो राहत संकटमा रूपान्तरण हुन्छ। यसले देखाउँछ कि समस्या वर्षाको अभाव मात्र होइन, यसको अनियन्त्रित स्वरूप पनि हो।

अब आवश्यक छ, अस्थायी राहतमा रमाउने होइन, दीर्घकालीन समाधानतर्फ उन्मुख हुने। सिंचाइ प्रणालीको सुदृढीकरण, वर्षा पानी संकलन, मौसमअनुकूल खेती प्रविधि, र किसानलाई समयमै सूचना दिने प्रणाली विकास गर्नु अत्यावश्यक छ। साथै, स्थानीय सरकारदेखि संघीय तहसम्म समन्वय गरी जलवायु अनुकूलनका ठोस योजना लागू गर्नुपर्ने बेला आएको छ । जनकपुरधामको आइतबारको वर्षा एउटा सन्देश हो–प्रकृतिले अझै मौका दिइरहेको छ, तर त्यो मौका सधैंका लागि हुँदैन। यदि हामीले समयमै सोचेनौं भने, आजको राहत भोलिको संकट बन्न सक्छ।

# परीक्षामा सुकुमवासी व्यवस्थापनको बालेन सोच



राजेश विद्रोही

करिब दुईतिहाइ बहुमतका साथ प्रधानमन्त्री बनेका बालेन्द्र शाह (बालेन) को नेतृत्वमा यतिबेला काठमाडौंका खोला किनारका करिब चार हजार सुकुमवासी बस्ती हटाउने अभियान तीव्र पारिएको छ । विगतमा काठमाडौं महानगरपालिकाको मेयर हुँदा सङ्घीय सरकारको असहयोगले रोकिएको यो कदमलाई उनले प्रधानमन्त्री बनेपछि तीनवटै सुरक्षा निकायसँगको समन्वयमा अघि बढाएका छन् ।

सरकारले बस्ती हटाउनुअघि अस्थायी रूपमा सार्ने र पछि स्थायी व्यवस्थापन गर्ने वाचा त गरेको छ, तर वर्षौंदेखि राज्य र राजनीतिक दलहरूबाट बारम्बार धोका पाएका सुकुमवासीहरूमा भने गहिरो अन्योल, त्रास र चिन्ता छाएको छ ।

सुकुमवासी बन्ने रहर कसैलाई हुँदैन र सधैँ सुकुमवासी भएरै खोला किनारको जोखिमपूर्ण त्रासमा बाँच्नु पनि उचित होइन । त्यसैले सुकुमवासी नागरिक आफैँमा समस्या होइनन्; बरु यसको दीर्घकालीन र मानवीय समाधान दिन नसक्नु राज्यको संरचनात्मक असफलता हो । बालेन सरकारले वर्षौंदेखि अल्झिएको यो समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न पहल लिएको हो भने त्यो पक्कै पनि सराहनीय छ । तर, सहरको सौन्दर्यकरणको नाममा एउटा कुनाको मानवीय सङ्कटलाई अर्को कुनामा सार्ने काम मात्रै हुनुहुँदैन ।

विगतमा १७ पटकसम्म उठिबास गराइए पनि उचित विकल्प र व्यवस्थापन नभएकै कारण उनीहरू पुनः सोही ठाउँमै वा सहरको अर्को किनारमा फर्किएको तितो इतिहास हाम्रोसामु छ । अब उनीहरूलाई १८औँ पटक सुकुमवासी बन्न बाध्य पार्ने छुट राज्यलाई छैन ।

ऐतिहासिक वञ्चितीकरण र भूमिको असमान वितरण

भूमिहीन सुकुमवासी समस्या रातारात वा अचानक सिर्जित भएको होइन । यो राज्यको ऐतिहासिक भूमि नीति, असमान वितरण र सीमान्तकृत समुदायमाथिको निरन्तरको वञ्चितीकरणको उपज हो । नेपालको इतिहास पल्टाएर हेर्ने हो भने, जमिनको स्वामित्व सधैँ सीमित र पहुँचवाला सम्भ्रान्त वर्गको हातमा केन्द्रित रह्यो । जसले आफ्नो पसिना बगाएर जङ्गल फँडानी गरी जमिन आवाद गरे, उनीहरूसँग आज एक टुक्रा जमिन छैन; तर जसले सत्ताको वरिपरि रहेर कानुन बनाए, उनीहरूले नै विर्ता, जागिर र रैकरका नाममा हजारौँ बिघा जमिन कब्जा गरे ।

खडेरी, बाढी-पहिरो, भूकम्पजस्ता प्राकृतिक विपत्ति, दसवर्षे सशस्त्र द्वन्द्वको प्रभाव र ग्रामीण क्षेत्रमा रोजगारीको चरम अभावले नागरिकलाई थातथलो छाडेर सहर पस्न बाध्य बनायो । सहरमा ज्यालादारी मजदुरी गरेर जीवन निर्वाह गर्ने यी सीमान्तकृत वर्गको आम्दानीले काठमाडौंको महँगो घरभाडा तिर्न वा जग्गा किन्न सम्भव थिएन ।

राज्यले उनीहरूका लागि सस्तो आवासको कुनै नीति नल्याएपछि उनीहरू सहरका किनार र खोलाका ढिकहरूमा ओत लाग्न बाध्य भए । सुकुमवासी हुनु उनीहरूको रहर होइन, राज्यको कमजोर नीति र सामाजिक-आर्थिक असमानताले सिर्जना गरेको बाध्यात्मक परिस्थितिको परिणाम हो ।

***सहरको अर्थतन्त्र र सीमान्तकृतको योगदान***

सहर एउटा निर्जीव संरचना मात्र होइन, यो श्रम र पसिनाले चल्ने संयन्त्र हो । आज खोला किनारका झुपडीमा बस्ने ती नागरिक नै हुन्, जसले सहरको फोहोर उठाउँछन्, ढल सफा गर्छन्, गिटी कुट्छन् र सडक किनारमा व्यापार गरेर अनौपचारिक अर्थतन्त्रलाई चलायमान बनाउँछन् । काठमाडौं सहरलाई उनीहरूको सस्तो श्रम चाहिएको छ, तर उनीहरूलाई भने यो सहरले अपनत्व दिन सकिरहेको छैन ।

राज्यले उनीहरूको श्रमको मूल्य नदिने र उनीहरूलाई सहरको 'अतिक्रमणकारी' मात्र देख्ने दृष्टिकोणमा आधारभूत खोट छ । सहर बनाउने श्रमिकहरूलाई सहरको परिधिबाटै लखेट्नु भनेको सहरमाथिको अधिकारको विश्वव्यापी मान्यताको ठाडो उल्लङ्घन हो ।

सुकुमवासीको नाममा राजनीति र माफियाको रजाइँ

सुकुमवासी समस्या केवल खोला किनारको जग्गा अतिक्रमणको प्राविधिक विषय मात्र होइन; यो त दशकौँदेखिको सामाजिक न्याय, मानव अधिकार र सीमान्तकृत वर्गको समावेशी विकाससँग जोडिएको गम्भीर राजनीतिक प्रश्न हो । डोजरले घर भत्काउन सक्छ, तर गरिबी र विभेदको जग भत्काउन सक्दैन

झन्डै ६ दशकदेखि सुकुमवासीको नाममा नेपालमा घिनलाग्दो राजनीति र लुटतन्त्र चल्दै आएको छ । हरेक चुनावमा राजनीतिक दलहरूले उनीहरूलाई लालपुर्जाको आश्वासन दिएर सस्तो भोट बैंकका रूपमा मात्र उपयोग गरे । समस्या समाधानका लागि आजसम्म दर्जनौं सुकुमवासी समस्या समाधान आयोगहरू गठन भए, तर ती आयोगहरू दलका कार्यकर्ता भर्ती गर्ने र राजनीतिक अभिष्ट पूरा गर्ने अखडा मात्र बने ।

आयोगहरूले वितरण गरेको भनिएको लाखौँ लालपुर्जा वास्तविक भूमिहीनले पाए कि पहुँचवालाले भन्ने कुरा आजसम्म पारदर्शी छैन । अर्कोतर्फ, सुकुमवासीलाई सार्वजनिक जग्गा अतिक्रमणकारी को बिल्ला भिराएर सहरबाट लखेट्ने भाष्य निर्माण गरिँदै गर्दा, सहरकै मुटुमा रहेका बालुवाटार (ललिता निवास), बाँसबारी छालाजुत्ता कारखाना र विभिन्न गुठीका अर्बौं मूल्यका जग्गाहरू माफियाहरूले कब्जा गरेका छन् ।

प्रश्न उठ्छ- राज्यको डोजर र कानुनको डण्डा कसका लागि ? के राज्यको शक्ति खोला किनारका निमुखाका झुपडी भत्काउन मात्र प्रयोग हुने हो कि नक्कली हुकुमवासीले कब्जा गरेर ठड्याएका आलिसान महल र बिजनेस कम्प्लेक्सहरूमा पनि चल्ने हो ? जबसम्म राज्यले सानालाई ऐन र ठूलालाई चैनको नीति त्याग्दैन, तबसम्म सुकुमवासी समस्याको न्यायोचित हल निस्कँदैन ।

***डोजरको त्रास र राज्यको संवैधानिक दायित्व***

सुकुमवासी बस्तीमा डोजर चलाएर उठिबास गराउनु कुनै पनि अर्थमा समस्याको समाधान होइन । जबर्जस्ती उठिबासले नागरिकलाई झन् गरिबी र राज्यविहीनताको खाडलमा धकेल्छ । यसले समस्या सार्ने काम मात्र गर्छ, समाधान गर्दैन । राज्य भनेको सबै नागरिकको अभिभावक हो, यो मुठीभर धनाढ्यहरूको मात्र पेवा होइन ।

नेपालको संविधान २०७२ ले हरेक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक दिएको छ । संविधानको धारा २५ ले सम्पत्तिको हक, धारा ३७ ले उपयुक्त आवासको हक र धारा ५१ ले भूमिहीन दलित तथा सुकुमवासीलाई एकपटकका लागि जमिन उपलब्ध गराउने स्पष्ट व्यवस्था गरेको छ । वर्षौंदेखि बसेको बस्ती एकैछिनमा डोजर लगाएर भत्काउँदा मानिसको ओत मात्र खोसिँदैन; उनीहरूको जीविकोपार्जन, बालबालिकाको शिक्षा, सामाजिक सम्बन्ध र मानवीय मर्यादा पनि सँगै भत्किन्छ । तसर्थ, उठिबास गर्नुअघि राज्यले आफ्नो कानुनी र संवैधानिक दायित्व निर्वाह गर्नैपर्छ ।

***अबको बाटो : सही पहिचान र सम्मानजनक व्यवस्थापन***

अहिलेको सरकार र प्रधानमन्त्री बालेन शाहले 'गरिब सहरमा बस्नु हुँदैन' भन्ने अभिजात्यवादी भाष्यलाई चिरेर 'गरिबी अन्त्य गर्ने' प्रगतिशील बाटो समात्नुपर्छ । यसका लागि सबैभन्दा पहिलो सर्त भनेको वास्तविक सुकुमवासी र नक्कली दाबीदार (हुकुमबासी) को वैज्ञानिक र निष्पक्ष पहिचान हो ।

प्रविधिको यो युगमा डिजिटल भू-अभिलेख, नागरिकता नम्बर वा राष्ट्रिय परिचयपत्रका आधारमा कसको कहाँ कति सम्पत्ति छ भनेर पत्ता लगाउन गाह्रो छैन । जो वास्तविक रूपमै भूमिहीन छन्, उनीहरूलाई राज्यले नागरिकता वा परिचयपत्र उपलब्ध गराउनुपर्छ । त्यसपछि उनीहरूलाई सहरकै उपयुक्त स्थानमा एकीकृत आवास निर्माण गरी वा अन्य यथोचित विकल्पसहित सम्मानजनक रूपमा स्थानान्तरण गर्नुपर्छ । जमिन भएका तर खोला किनारमा जग्गा ओगटेर बसेका नक्कली दाबीदारहरूलाई भने कानुनबमोजिम हटाएर सार्वजनिक जग्गाको संरक्षण गर्नुपर्छ ।

सुकुमवासीलाई एकपटकका लागि लालपुर्जा वा आवासको ग्यारेन्टी गर्दा उनीहरूमा समाजप्रति उत्तरदायित्व बोध हुन्छ । जमिन वा घरको स्वामित्व पाएपछि मानिसमा लगानी गर्ने, सरसफाइमा ध्यान दिने र समुदायको विकासमा सहभागी हुने प्रेरणा जाग्छ । उनीहरूले बैंकबाट सानोतिनो ऋण लिएर उद्यम गर्न सक्छन्, जसले अन्ततः राष्ट्रिय अर्थतन्त्रमै टेवा पुर्‍याउँछ ।

सुकुमवासी समस्या केवल खोला किनारको जग्गा अतिक्रमणको प्राविधिक विषय मात्र होइन; यो त दशकौँदेखिको सामाजिक न्याय, मानव अधिकार र सीमान्तकृत वर्गको समावेशी विकाससँग जोडिएको गम्भीर राजनीतिक प्रश्न हो । डोजरले घर भत्काउन सक्छ, तर गरिबी र विभेदको जग भत्काउन सक्दैन ।

आजको आवश्यकता निर्मम विस्थापन होइन, मानवीय स्वामित्व र अपनत्व हो । अस्थिरता र त्रास होइन, सम्मानजनक स्थायित्व हो । तसर्थ, सरकारले नक्कली चिन्ता होइन, सक्कली र व्यावहारिक कदम चालोस् । सहमतिमै पहिला सम्मानजनक व्यवस्थापनको सुनिश्चितता गरौँ, त्यसपछि मात्र खोला किनारका बस्तीहरू खाली गराऔँ । किनकि, राज्यको शक्ति नागरिकलाई तर्साउन होइन, उनीहरूको जीवनको रक्षा गर्न प्रयोग हुनुपर्छ ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# आँप स्वस्थकर छ कि छैन, कसरी चिन्ने ?



काठमाडौं । आँप खान कसलाई मन पर्दैन र ? गर्मीको मौसम आउनेबित्तिकै धेरैले खोज्ने फल हो आँप ।

यसलाई फलफूलको राजा पनि भनिन्छ । बच्चादेखि वयस्क र वृद्धवृद्धा सबै जना रमाई-रमाई यो फल खान्छन् ।

अहिले बोटमा कलिला आँप झुलिरहेका छन् । तर बजारमा छ्याप्छ्याप्ती पहेँला आँप देखिन थालिसकेका छन् । यी आँप देख्दा तपाईं पनि लोभिनुभएको होला ।

तर पर्खिनुस्, किन्न हतार गरिनहाल्नुस् । यस्ता आँप तपाईंको स्वास्थ्यका लागि हानिकारक साबित हुन सक्छन् । स्वादको खोजीमा हामी प्रायः गुणस्तरलाई बेवास्ता गर्छौं, जुन शरीरका लागि अत्यन्तै खतरनाक हुन्छ ।

त्यसो भए, वास्तविक र रसायन हालिएको आँप कसरी छुट्याउने त ? आँपको वास्तविक सिजन मे र जुन हो । तर, अहिलेदेखि नै बजारमा पहेँला आँप आउन थालिसकेका छन् ।

वास्तवमा, यी आँपहरू रूखमा प्राकृतिक रूपमा पाकेका होइनन् । तिनीहरूलाई क्याल्सियम कार्बाइड जस्ता खतरनाक रसायन प्रयोग गरेर जबरजस्ती पकाइएको हुन्छ । यो रसायनले आँपलाई बाहिरबाट पहेँलो र सुन्दर बनाए पनि भित्र भने विषाक्त हुन्छ ।

विज्ञहरूले आँप प्राकृतिक हो वा रसायन हालेर पकाइएको हो भन्ने कुरा घरमै पहिचान गर्न केही सजिला तरिकाहरू सुझाएका छन:

- *बासनाबाट चिन्ने:* प्राकृतिक रूपमा पाकेको आँपमा मीठो बासना हुन्छ । रसायन प्रयोग गरी तयार पारिएको आँपमा कुनै सुगन्ध हुँदैन वा तीखो र रसायनको जस्तो गन्ध हुन्छ ।
- **रङ:** रूखमा पाकेको आँप सबैतिर एकैनासले पहेँलो हुँदैन । यसमा हरियो वा खैरो दागहरू हुन सक्छन् । यदि आँपभरि एकैनासको चम्किलो पहेँलो देखिन्छ भने यो सम्भवतः कृत्रिम रूपमा पकाइएको हुन्छ ।
- ***छोएर थाहा पाउने:*** रसायन हालेर पकाइएको आँप प्रायः आवश्यकताभन्दा धेरै गिलो वा अत्यधिक नरम हुन्छ । प्राकृतिक रूपमा पाकेको आँप केही कडा हुन्छ ।
- **स्वाद:** प्राकृतिक रूपमा पाक्न दिइएको आँपको स्वाद विशिष्ट हुन्छ, तर रसायन प्रयोग गरिएको आँप खाँदा मुखमा जलन हुन सक्छ ।

***किन खतरनाक हुन्छ रसायन हालेर पकाइएको आँप ?***

क्याल्सियम कार्बाइड एक विषाक्त पदार्थ हो । आँप पकाउन प्रयोग गर्दा यसको अवशेष फलको बाहिरी तहमा टाँसिएर बसेको हुन्छ । यसको सेवनले विभिन्न स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ ।

- **पेटको रोग:** ग्यास, एसिडिटी, पखाला र बान्ता ।
- **टाउको दुख्ने र चक्कर लाग्ने:** रसायनहरूको प्रभावले स्नायुसम्बन्धी समस्याहरू निम्त्याउन सक्छ ।
- **कलेजोमा असर:** लामो समयसम्म यस्ता फलफूल खाँदा तपाईंको कलेजोमा प्रत्यक्ष असर पर्न सक्छ ।
- ***फुड पोइजनिङ (खाद्य विषाक्तता):*** बच्चाहरूको प्रतिरक्षा प्रणाली कमजोर हुन्छ । त्यसैले यस्तो आँप बच्चाहरूका लागि अझ खतरनाक हुन्छ । एजेन्सी सहयोगमा

# गर्भावस्था: कुन समय यात्राका लागि सुरक्षित मानिन्छ?



गर्भावस्था अन्य समयभन्दा संवेदनशील अवस्था हो। यस समयमा महिलाहरूले आफ्नो हरेक क्रियाकलापमा सावधानी अपनाउनुपर्ने हुन्छ। गर्भवती महिलाले यस अवधिभर सकेसम्म लामो यात्रा गर्नु राम्रो मानिँदैन। कच्ची बाटो, अप्ठ्यारो तथा खाल्डाखुल्डी सडकमा यात्रा गर्दा गर्भ खेर जाने जोखिम हुन सक्छ। अझै, गर्भावस्थाको पहिलो तीन महिना अत्यन्त संवेदनशील मानिन्छ। यस अवधिमा शिशुको शरीरका अङ्गहरू बन्ने क्रममा हुन्छन्। त्यसैले, यात्रा गर्नैपर्ने अवस्था भएमा दोस्रो त्रैमासिक उत्तम मानिन्छ।

बिद भहउय २०२६

गर्भावस्थाको दोस्रो चरण, अर्थात् १४ देखि २८ हप्ताको बीचमा यात्रा गर्नु उपयुक्त हुने प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. बालकृष्ण शाह बताउँछन्। यस अवधिमा बान्ता हुने र कमजोरी हुने समस्या कम हुने भएकाले यो चरण गर्भवती महिलाका लागि अन्य समयभन्दा सुरक्षित र सहज मानिन्छ।

गर्भावस्थामा यात्रा गर्न मिल्छ, तर सुरक्षित र आरामदायी बनाउन केही महत्त्वपूर्ण कुरामा ध्यान दिनुपर्छ।

***यात्रा गर्नु अघि तयारी***

डाक्टरसँग परामर्श गरेर मात्रै यात्रा गर्ने निर्णय लिनुहोस्।

गर्भावस्थाको अवस्थाअनुसार जोखिम मूल्याङ्कन गरेर अनुमति लिनु जरुरी हुन्छ।

आवश्यक औषधि, रिपोर्ट र मेडिकल कागजात साथमा राख्नुहोस्।

हल्का र आरामदायी कपडा लगाउनुहोस्।

***यात्रा गर्दा ध्यान दिने कुराहरू***

लामो समय बसिरहनु हुँदैन, बीचबीचमा हिँडडुल गर्नुहोस्।

सिटबेल्ट पेटको तलपट्टि बाँध्नुहोस्।

पर्याप्त पानी पिउनुहोस्, शरीर हाइड्रेटेड राख्नु महत्त्वपूर्ण हुन्छ।

थकान महसुस भए तुरुन्त आराम गर्नुहोस्।

भीडभाड र जोखिमयुक्त यात्रा (धेरै हल्लिने सडक आदि) सकेसम्म टार्नुहोस्।

***कस्तो अवस्थामा यात्रा गर्नुहुँदैन***

अत्यधिक रक्तस्राव

पेट दुखाइ वा संकुचन

उच्च रक्तचाप वा जटिल गर्भावस्था

पहिलेको जटिलताको इतिहास

# अमेरिकामा जन्मसिद्ध नागरिकता हटाउने प्रस्तावमा बहुमतको विरोध




एजेन्सी/काठमाडौं १५ वैशाख । अमेरिकी सर्वोच्च अदालतले जन्मसिद्ध नागरिकता अन्त्य गर्ने राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रयासबारे महत्त्वपूर्ण फैसला गर्न तयारी गरिरहँदा एक नयाँ सर्वेक्षणले अमेरिकी जनमत यसको विपक्षमा रहेको देखाएको छ।

अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्स र बजार अनुसन्धान संस्था इप्सोसले गरेको सर्वेक्षणअनुसार ६४ प्रतिशत अमेरिकी नागरिकहरूले अमेरिकामा जन्मिने सबै बालबालिकालाई स्वतः नागरिकता दिनुपर्ने पक्षमा मत दिएका छन् । ३२ प्रतिशतले मात्र यस नीतिको अन्त्यलाई समर्थन गरेका छन् ।यो मुद्दा ट्रम्पले २०२५ को सुरुवातमा जारी गरेको कार्यकारी आदेशसँग सम्बन्धित छ, जसलाई विभिन्न अदालतहरूमा चुनौती दिइएको छ । अब यो मुद्दा अमेरिकी सर्वोच्च अदालतमा पुगेको छ । अदालतले निकट भविष्यमा निर्णय दिने अपेक्षा गरिएको छ।

सर्वेक्षणले राजनीतिक विभाजन पनि स्पष्ट देखाएको छ । डेमोक्रेट पाटीलाई भोट दिएका करिब ९ प्रतिशत मात्र नागरिकता हटाउने पक्षमा छन् । रिपब्लिकन मतदातामध्ये करिब ६२ प्रतिशतले यसको समर्थन गरेका छन्।

अदालतले अन्य संवेदनशील मुद्दाहरूमा पनि फैसला गर्ने तयारी गरिरहेको छ, जसमा ट्रान्सजेन्डर खेलाडीहरू, मेल-इन भोट गणना, र निर्वाचन जिल्ला विभाजनसम्बन्धी विवादहरू समावेश छन् ।

करिब ६७ प्रतिशत अमेरिकीहरूले महिला खेलकुदमा ट्रान्सजेन्डर खेलाडीलाई प्रतिबन्ध लगाउने कुरामा समर्थन गरेका छन् । मेल-इन भोटको विषयमा भने ६५ प्रतिशतले मतदानको दिन पोस्टमार्क भएका तर ढिला पुगेका मतपत्र गणना गर्नुपर्ने पक्षमा मत दिएका छन्।लुइसियाना राज्यको निर्वाचन क्षेत्र पुनः नक्सांकन सम्बन्धी मुद्दामा पनि जातीय प्रतिनिधित्वबारे अमेरिकी मत विभाजित देखिएको छ । यो सर्वेक्षण अप्रिल १५ देखि २० को बिचमा देशभरमा गरिएको थियो।

# होक्काइडोमा ६.२ म्याग्निच्युडको भूकम्प

एजेन्सी/टोकियो । जापानको उत्तरी टापु होक्काइडोमा सोमबार बिहान ६.२ म्याग्निच्युडको शक्तिशाली भूकम्प आएपछि त्यहाँ थप ठूला झट्काको सम्भावना बढेको भन्दै सतर्कता बढाइएको छ । पछिल्ला दिनहरूमा लगातार देखिएको भूकम्पीय गतिविधिको शृङ्खलाबीच आएको यो कम्पनले जोखिम अझै टरेको छैन भन्ने सङ्केत दिएको छ ।

जापानी मौसम विज्ञान एजेन्सी (जेएमए) का अनुसार भूकम्प स्थानीय समयअनुसार बिहान ५:२३ बजे होक्काइडोको दक्षिणी क्षेत्रमा केन्द्रित भएर आएको हो । यसको गहिराइ करिब ८३ किलोमिटर रहेको जनाइएको छ, जुन प्रारम्भिक ६.१ म्याग्निच्युडको अनुमानलाई संशोधन गर्दै ६.२ कायम गरिएको हो ।

यस भूकम्पपछि कुनै सुनामी चेतावनी जारी नगरिएको भए पनि प्रभावित क्षेत्रमा बलियो कम्पन महसुस गरिएको थियो । अमेरिकी भूगर्भीय सर्वेक्षणले जनसङ्ख्या कम रहेको क्षेत्र नजिक केन्द्रित भएकाले ठूलो जनधन क्षतिको सम्भावना न्यून रहेको आकलन गरेको छ । यद्यपि, जेएमएका अधिकारीहरूले शक्तिशाली कम्पन भएका स्थानहरूमा चट्टान खस्ने र भूस्खलनको जोखिम बढेको चेतावनी दिएका छन् ।

जेएमएले आगामी केही दिन तथा हप्तामा यस्तै स्तरका थप भूकम्प आउन सक्ने उच्च सम्भावना रहेको उल्लेख गर्दै स्थानीय बासिन्दालाई सतर्क रहन आग्रह गरेको छ । यसअघि केही घण्टा अगाडि नै होक्काइडोभन्दा केही सय किलोमिटर दक्षिण समुद्री क्षेत्रमा ५.० म्याग्निच्युडको अर्को भूकम्प आएको थियो, जसले क्षेत्रको भूकम्पीय सक्रियता निरन्तर बढिरहेको सङ्केत दिएको छ ।

यो घटनाक्रम गत हप्ता उत्तरी इवाटे प्रान्तमा आएको ७.७ म्याग्निच्युडको शक्तिशाली भूकम्पपछि आएको हो, जसले ठूलो क्षति नगरे पनि देशभर त्रास फैलाएको थियो । उक्त भूकम्पको प्रभाव राजधानी टोकियोसम्म पुगेको थियो, जहाँ ठूला भवनहरू हल्लिएका थिए र छ जना घाइते भएका थिए । साथै, इवाटे क्षेत्रमा करिब ८० सेन्टिमिटर उचाइका सुनामी छालहरू देखिएका थिए भने अन्य उत्तरी क्षेत्रमा साना छालहरू ठोक्किएका थिए ।

त्यसपछि जेएमएले ८.० वा सोभन्दा माथिको शक्तिशाली भूकम्प आउने सम्भावना सामान्य अवस्थाभन्दा बढी रहेको चेतावनी दिएको थियो । अहिलेको ६.२ म्याग्निच्युडको भूकम्पलाई पनि सोही शृङ्खलाको एक हिस्सा मानिएको छ ।

जापान प्रशान्त महासागरको 'रिङ अफ फायर' क्षेत्रमा पर्ने भएकाले विश्वकै सबैभन्दा भूकम्पीय रूपमा सक्रिय देशमध्ये एक हो । चार प्रमुख टेक्टोनिक प्लेटहरूको सङ्गममा रहेको यस देशमा हरेक वर्ष करिब एक हजार ५०० भूकम्प आउने गरेका छन् । यो विश्वभरका कुल भूकम्पको झन्डै १८ प्रतिशत हो ।

सन् २०११ मा जापानमा आएको ९.० म्याग्निच्युडको विनाशकारी भूकम्प र त्यसपछिको सुनामीले १८ हजार ५०० भन्दा बढी मानिसको ज्यान गएको वा बेपत्ता भएको थियो । त्यसयता जापानले भूकम्प पूर्वतयारी र जोखिम न्यूनीकरणमा ठूलो लगानी गर्दै आएको भए पनि पछिल्ला गतिविधिहरूले पुनः सतर्क रहनुपर्ने अवस्था देखाएका छन् ।

# संविधान संशोधन बहस तीव्र



दैनिक समाचारदाता
काठमाडौँ १४ वैशाख । संविधान संशोधनको बहस अहिले राजनीतिक र बौद्धिक दुवै तहमा सक्रिय बन्न थालेको छ। प्रधानमन्त्री बालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहको नेतृत्वमा गठित 'संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल' ले संविधानविद् तथा कानुनविद्हरूसँग छलफल सुरु गरेको छ।

सोमबार दिउँसो ३ बजेदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा जारी छलफलमा सहभागी विज्ञहरूले संशोधनका विविध पक्षमा आफ्ना धारणा र सुझाव प्रस्तुत गरिरहेका छन्। कार्यदलले यसअघि राजनीतिक दलहरूसँग लिखित सुझाव मागेको भए पनि दुई दलबाहेक अन्यले प्रतिक्रिया नदिएको सचिवालयले जनाएको छ।

यता, संविधान संशोधनको बहसलाई संस्थागत रूपमा अघि बढाउन नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले पनि आफ्नै कार्यदल गठन गरेको छ। सोमबार केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको केन्द्रीय संयोजन समिति बैठकले देव गुरुङको नेतृत्वमा कार्यदल बनाएको हो।

कार्यदलमा प्रकाश ज्वाला, प्रेमबहादुर सिंह, रणध्वज कङ्दङ्वा, रेखा शर्मा, गणेश विक, मुक्ति प्रधान, खेमलाल देवकोटा, डम्बरविक्रम थापा, जगदेव चौधरी र रामबहादुर चौधरी सदस्य रहेका छन्।

यससँगै संविधान संशोधनको विषय अब सरकारी र दलगत दुवै तहमा समानान्तर रूपमा अघि बढ्ने संकेत देखिएको छ।

# कांग्रेसले विपक्षी दलको नेता चुनेपछि संवैधानिक परिषद् पूर्ण

दैनिक समाचारदाता
काठमाडौँ १४ वैशाख । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस ले भीष्मराज आङदेम्बे लाई संसदीय दलको नेता चयन गरेसँगै संवैधानिक परिषद्ले पूर्णता पाएको छ । प्रतिनिधि सभा निर्वाचन भएको करिब डेढ महिनापछि कांग्रेसले



वैशाख १४ गते सोमबार आङदेम्बेलाई दलको नेता चयन गरेको हो ।

प्रमुख विपक्षी दलले दलको नेता चयन गरेसँगै अब संवैधानिक परिषद्को बैठक बस्ने बाटो खुलेको छ । यससँगै प्रधानन्यायाधीशसहित अन्य संवैधानिक नियुक्तिको प्रक्रिया पनि अघि बढ्ने भएको छ । कांग्रेसले नेता चयनमा ढिलाइ गर्दा परिषद्को बैठक बस्न सकेको थिएन, जसका कारण प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया समेत रोकिएको थियो । हाल सपना प्रधान कामु प्रधानन्यायाधीशको जिम्मेवारीमा छन् ।

संविधानको धारा २८४ अनुसार संवैधानिक परिषद्को अध्यक्षमा प्रधानमन्त्री रहने व्यवस्था छ भने सदस्यहरूमा प्रधानन्यायाधीश, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रमुख प्रतिपक्षी दलका नेता र उपसभामुख रहने प्रावधान छ ।

अब बस्ने परिषद् बैठकले नयाँ प्रधानन्यायाधीशको नाम सिफारिस गर्नेछ । सिफारिस गरिएको नाम संसदीय सुनुवाइ समितिका दुई तिहाइ सदस्यबाट अनुमोदन भएपछि राष्ट्रपतिबाट नियुक्ति हुने संवैधानिक व्यवस्था छ ।

परिषद्को बैठकमा प्रधानमन्त्री बालेन्द्र शाह, सभामुख डीपी अर्याल, प्रधानन्यायाधीश, राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल, उपसभामुख रुबी ठाकुर तथा विपक्षी दलका नेता भीष्मराज आङदेम्बे सहभागी रहनेछन् । परिषद्को पहिलो बैठकमा भने कानुन मन्त्रीको पनि सहभागिता रहने व्यवस्था छ ।

# कमला पुल नजिक अस्थायी बाँध भत्किँदा आवतजावत अवरुद्ध



दैनिक समाचारदाता
सिरहा, १४ वैशाख । सिरहा र धनुषा जोड्ने निर्माणाधीन कमला नदी पुल नजिकको अस्थायी बाँध भत्किँदा आवतजावत प्रभावित भएको छ। पुलको डाइभर्सनबाट करिब ३०० मिटर अगाडि रहेको माटोको अस्थायी बाँध बाढीले बगाएपछि सवारी आवागमन अवरुद्ध भएको हो।

स्थानीय रामचन्द्र यादवका अनुसार बाँध भत्किएपछि सयौं सवारीसाधन बीचमै फसेका थिए। ती सवारीसाधनलाई स्थानीयवासीको सहयोगमा उद्धार गरिएको थियो।

सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले वर्षा र बाढीका कारण पुल नजिकको अस्थायी संरचना क्षतिग्रस्त भएको जानकारी दिए। उनले निर्माण व्यवसायीले तत्काल डोजर प्रयोग गरी माटो हालेर बाँध पुनर्निर्माण गरेको बताए।पुनः बाँध भत्किने सम्भावना रहेकाले दीर्घकालीन समाधान खोज्ने प्रयास भइरहेको उनले उल्लेख गरे। "समस्याको दीर्घकालीन समाधानका लागि सिरहाका तीनवटै निर्वाचन क्षेत्रका प्रतिनिधिसभा सदस्यलगायतसँग जिल्ला प्रशासन कार्यालयमा बैठक बसेको छ," उनले भने, "बैठकबाट निष्कर्ष निस्किएपछि मात्र थप जानकारी दिन सकिन्छ।"

बैठकमा सिरहा क्षेत्र नम्बर १ का बब्लु गुप्ता, क्षेत्र नम्बर २ का शिवकुमार यादव र क्षेत्र नम्बर ३ का डा. शम्भु कुमार यादव सहभागी थिए।

करिब १४ वर्षअघि ठेक्का सम्झौता भएको कमला नदी पुल निर्माण अझै सम्पन्न हुन नसक्दा स्थानीयवासीले सास्ती खेप्दै आएका छन्। हुलाकी राजमार्गअन्तर्गत पर्ने उक्त पुल निर्माणका लागि २०६८ जेठमा पप्पु-लुम्बिनी जेभीसँग २४ करोड ९१ लाख रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो। २०७१ मंसिरमा सम्पन्न हुनुपर्ने पुल हालसम्म पनि पूरा हुन नसक्दा सात पटक म्याद थप भइसकेको छ।

निर्माणकै क्रममा २०७८ असार १७ मा आएको बाढीले पुलका दुईवटा जग भासिएर चारवटा स्ल्याबमा क्षति पुगेको थियो। तीमध्ये सिरहातर्फका दुई स्ल्याब हटाइसकिएको छ भने धनुषातर्फका दुई स्ल्याब सुरक्षित रहेको प्राविधिक अध्ययनले देखाएको छ।

हाल ठेक्काको म्याद पुनः थप गर्ने प्रक्रिया अघि बढाइएको छ। बाँकी निर्माणकार्य लुम्बिनी कम्पनीले गरिरहेको छ। पुल निर्माणमा हालसम्म २० करोड ४३ लाख रुपैयाँ खर्च भइसकेको जनाइएको छ।

## पत्रकारिता.........

अध्यक्ष खड्गले छलफलबाट प्राप्त सुझावहरूलाई अन्तिम कार्यविधिमा समावेश गरिने बताएका छन्।

छलफल कार्यक्रममा पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कर्ण, प्रदेश अध्यक्ष श्याम बन्जारा, लेखा समिति संयोजक केसी लामिछाने, मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष सुरेश यादव, वरिष्ठ पत्रकार वृजकुमार यादव, राष्ट्रिय दलित पत्रकार संघका प्रदेश अध्यक्ष कैलास दास, जिल्ला अध्यक्ष पुरण साह, उपाध्यक्ष अवधेश कामत, पूर्व अध्यक्ष मनिका झा, सप्तरी अध्यक्ष श्रवण देव, पूर्व अध्यक्ष धीरेन्द्र साह, प्रेमचन्द्र झा, आतिश मिश्रलगायतले मस्यौदामाथि आफ्ना धारणा राखेका थिए।








विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४